"कृषि,पर्यटन सहितको पुर्ण पूर्वाधार, समृद्ध केरावारी हाम्रो आधार"

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय
## कृषि तथा सहकारी शाखा
## केरावारी मोरङ

**नया पकेट विकास कार्यक्रममा सहभागी हुने बारे सुचना**

प्रथम पटक प्रकासीत मिति २०७७/०८/०४

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.ब. २०७७/०७८ को सशर्त तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत केरावारी गाँउपालिकाका तपशिलका क्षेत्रहरुमा निम्न पकेट विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकाले ईच्छुक कृषि समुह/ सहकारी/ जल उपभोक्ता समिति/ कृषि फार्महरुले आवाश्यक कागजात सहित यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्र यस केरावारी गाँउपालिकाको कृषि तथा सहकारी शाखामा तोकिएको ढाचा अनुसार कुनै एक पकेट कार्यक्रमका लागी आवेदन दर्ता गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ । साथै यस बिषयमा थप जानकारीका लागी कृषि तथा सहकारी शाखा र पशु विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

(क) पकेट कार्यक्षेत्र – केरावारी गाँउपालिका भर

(ख) कार्यक्रमहरु –

कृषि तर्फ – राष्ट्रिय महत्वका प्राथामिकता प्रदत बालि/बस्तुहरु( धान/मकै/गहुँ/ तरकारी/आलु/ सुन्तला जात फलफुल/ स्याउ/ आँप/ केरा) – सङ्ख्या २

पशु तथा मत्स्य तर्फ – बाखा १, माछा १

निवेदन साथ पेष गर्नुपर्ने आवाश्यक कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समुह/सहकारी/ संस्था/समिति/ फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

(२) सम्बन्धीत वडा कार्यालयको सिफारिस ।

(३) निवेदकको नागरीकताको प्रतिलिपी ।

(४) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तिमा ५ बर्षको संझौता ।

(५) कार्य समितिको निर्णयको प्रतिलिपी

होम प्रसाद पौडेल<br>
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

केराबारी गाउँपालिका,कृषि तथा सहकारी शाखा,केराबारी,मोरङ,१ नं. प्रदेश,नेपाल,फोन नं. ०२१-४०३११०

ई-मेल: **kerabarikrishi@gmail.com** , kerabariruralmun@gmail.com, वेभसाइट

www.kerabarimun.gov.np, kerabarikrishi.blogspot.com